# जैमिनी नगरपालिका

# स्थानीय राजपत्र

भाग-१, खण्ड-४, संख्या-२
असार १०, २०७७

## जैमिनी नगरपालिकाको विनियोजन ऐन-२०७७

जैमिनी नगरपालिकाको आर्थिक वर्ष २०७७/०७८ को सेवा प्रवाह र कार्यहरुको
लागी स्थानीय संचित कोषबाट
केही रकम खर्च गर्न र विनियोजन गर्ने
सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन

नगर सभाबाट पारित मिति २०७७/३/१०

**प्रस्तावना :**
जैमिनी नगरपालिका, बागलुङ आ.व. २०७७/०७८ को सेवा र कार्यहरुको लागि स्थानीय सञ्चित कोषबाट केही रकम खर्च गर्ने अधिकार दिन र सो रकम विनियोजन गर्न वाञ्छनीय भएकोले, (नेपालको संविधानको धारा २२९ को उप-धारा (२) बमोजिम जैमिनी नगरपालिका, बागलुङको नगर सभाले यो ऐन बनाएको छ ।)

**१) संक्षिप्त नाम र प्रारम्भ :**

१) यस ऐनको नाम "जैमिनी नगरपालिका, बागलुङको विनियोजन ऐन,

२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

**२) आर्थिक वर्ष २०७७/०७८ को निमित्त सञ्चित कोषबाट रकम खर्च गर्नेअधिकार :**

१) आर्थिक वर्ष २०७७/०७८ को निमित्त नगर कार्यपालिका, वाडा समिति, विषयगत शाखाले गर्ने सेवा र कार्यहरुका निमित्त अनुसुची १ मा उल्लिखित चालू खर्च, पूजिगत खर्च र वित्तिय व्यवस्थाको रकम समेत गरी जम्मा रकम ६३,४२,२०,३७३।- (अक्षरुपी त्रिसठ्ठी करोड बयालिस लाख बीस हजार तीन सय त्रिहत्तर रुपैयाँ मात्र) मा नबढाई निर्दिष्ट गरिए बमोजिम सञ्चित कोषबाट खर्च गर्न सकिनेछ ।

**३) विनियोजन :**

१) यस ऐनद्वारा सञ्चित कोषबाट खर्च गर्न अधिकार दिइएको रकम आर्थिक वर्ष २०७७/०७८ को निमित्त जैमिनी नगरपालिका, बागलुङको नगर कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरिनेछ ।

२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरेको रकम मध्ये कुनैमा बचत हुने र कुनैमा अपुग हुने देखिन आउमा नगर कार्यपालिकाले बचत हुने शीर्षकबाट नपुग हुने शीर्षकमा रकम सार्न सक्नेछ । यसरी रकम सार्दा एक शीर्षकबाट सो शीर्षकको जम्मा रकमको १० प्रतिशतमा नबढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरुबाट अर्को एक वा एक भन्दा बढी शीर्षकहरुमा रकम सार्न तथा निकासा र खर्च जनाउन सकिनेछ । पूँजिगत खर्च र वित्तिय व्यवस्था तर्फ विनियोजित रकम साँवा भुक्तानी खर्च र व्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्य चालू खर्च शीर्षक तर्फ सार्न र वित्तिय व्यवस्था अन्तर्गत साँवा भुक्तानी खर्चतर्फ विनियोजित रकम व्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्यत्र सार्न सकिने छैन । तर चालु तथा पूँजिगत खर्च र वित्तिय व्यवस्थाको खर्च व्यहोर्ने एक श्रोतबाट अर्को श्रोतमा रकम सार्न सकिनेछ

३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भएता पनि एक शीर्षकबाट सो शीर्षकको जम्मा स्वीकृत रकमको १० प्रतिशत भन्दा बढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरुमा रकम सार्न परेमा नगर सभाको स्वीकृती लिनु पर्नेछ ।

अनुसूची-१
९दफा २ सँग सम्बन्धीत०

नेपालको संविधानको धारा २२९ ९२० बमोजिम
सञ्चित कोषबाट विनियोजन हुने रकम

रु. हजारमा

| क्र. सं. | अनुदान संख्या | शीर्षकको नाम | चालु खर्च | पूँजिगत खर्च | जम्मा |
|---|---|---|---|---|---|
| १ | २ | ३ | ४ | ५ | ६ |
| १ | | नगर कार्यपालिका | ८७,५०० | २,१०,२२०.३७३ | २,९७,७२०.३७३ |
| २ | | सशर्त अनुदान | ३,३६,५०० | | ३,३६,५०० |
| **जम्मा** | | | | | **६,३४,२२०,३७३** |

आज्ञाले,
ईश्वरी प्रसाद शर्मा
प्रमुख प्रशासकीय अधिकृत